**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ अगस्त २०२६**
**समयः १८:५० - १९:०० बजे** *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले प्रविधि, मिडिया, अर्थशास्त्र र सार्वजनिक नीतिको विश्व द्रुत गतिमा परिवर्तन भइरहेको बताउनुभएको छ।

२. कोलकाताको न्यू मार्केट क्षेत्रमा रहेको एक होटलमा आगलागी हुँदा नौ जनाको मृत्यु राष्ट्रपति, उपराष्ट्रपति तथा प्रधान मन्त्रीले दुःख व्यक्त गर्नुभयो।

३. नादिया जिल्लाको एक अदालतले तृणमूलकी सांसद महुआ मोइत्राविरुद्ध कथित घृणायुक्त भाषणको सम्बन्धमा गिरफ्तारी वारंट जारी गर्न आदेश दिइएको छ।

४. नेपाली भाषाले संविधानको आठौँ अनुसूचीमा मान्यता प्राप्त गरेको ऐतिहासिक अवसरको स्मरण गर्दै भोलि भाषा मान्यता दिवस भारतभर विभिन्न कार्यक्रमसहित मनाइने छ।

५. मौसम विभागका अनुसार पश्चिम बंगालका अधिकांश जिल्लामा मेघ गर्जन र चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**राष्ट्रपति -आईआईएस अधिकारी**

राष्ट्रपति द्रौपदी मुर्मुले प्रविधि, मिडिया, अर्थशास्त्र र सार्वजनिक नीतिको विश्व द्रुत गतिमा परिवर्तन भइरहेको बताउनुभएको छ। राष्ट्रपति भवनमा भारतीय सूचना सेवा र भारतीय सांख्यिकी सेवाका प्रशिक्षार्थीहरूसँग अन्तरक्रिया गर्ने क्रममा उहाँले यस्तो भन्नुभयो। सो अवसरमा बोल्दै उहाले अधिकारीहरूलाई विवेकपूर्ण निर्णय लिन, करुणापूर्वक आचरण गर्न र निष्ठामा दृढ रहन सल्लाह दिनुभयो। राष्ट्रपतिले अधिकारसँगै जनताको निष्पक्षता, नम्रता र लगनशीलताका साथ जनताको सेवा गर्ने महत्वपूर्ण जिम्मेवारी पनि रहेको बताउनु भयो ।

**कोलकाता - भीषण आग**

कोलकाताको न्यू मार्केट क्षेत्रमा रहेको मिर्जा गालिब स्ट्रीटको एक होटलमा आगलागी हुँदा नौ जनाको मृत्यु भएको छ भने  पुलिसले घटनाको छानबिन गर्न विशेष अनुसन्धान दल (एसआईटी) गठन गरेको छ । सात सदस्यीय एसआइटीको नेतृत्व डीसीडीडी स्पर्श निलङ्गीले गरिरहेका छन्। मृत्यु हुनेमा दुई महिला र एक बालक रहेका छन् । घाइतेमध्ये सोह्र जनाको अस्पतालमा उपचार भइरहेको छ ।
उद्योगमन्त्री तापस रोय र नगर निगम तथा शहरी विकास मन्त्री अग्निमित्रा पालले आज बिहान घटनास्थलको भ्रमण गर्नुभयो। भमणपछी मन्त्री अग्निमित्र पालले भन्नुभयो, 'तत्काल प्रशासनिक कारबाहीपछि लगभग ८० जनालाई उद्धार गरिएको छ ।
यसअघि गएराती लगभग दुई बजेतिर दमकल स्टेशन नजिकैको पाँचतले भवनको तेस्रो तलामा आगलागी भएको थियो । दमकलको चार वटा गाडी घटनास्थलमा पुगेर आगो नियन्त्रणमा आएको छ । स्थानीय स्रोतका अनुसार अन्य राज्य तथा विदेशबाट कोलकातामा उपचारका लागि आउनेहरुले यो होटलको प्रयोग गर्ने बताइएको छ ।

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधान मन्त्री नरेन्द्र मोदीले कोलकातामा भएको आगलागीप्रति दुःख व्यक्त गरेका छन्। राष्ट्रपतिले सोशल मीडियामा एक पोस्ट गर्दै मृतकका परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।
उपराष्ट्रपति सीपी राधाकृष्णनले मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। यस्तै प्रधानमन्त्री नरेन्द्र मोदीले यस त्रासदीमा आफ्ना प्रियजन गुमाएकाहरूप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै स्थानीय प्रशासनले प्रभावितलाई सहयोग गरिरहेको बताउनु भयो।

**ब्याङ्क-खाता-फ्रिज**

तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव तथा सांसद अभिषेक बनर्जीको निजी ब्याङ्क खाता फ्रिज गरिएको विषयमा दायर याचिकामाथि आज कलकत्ता हाई कोर्टमा सुनुवाई हुन सकेन। न्यायमूर्ति कृष्ण रावले सुनुवाई भोलिसम्मका लागि स्थगित गर्दै सम्बन्धित ब्याङ्क व्यवस्थापनलाई रिपोर्ट पेश गर्न आदेश दिनुभयो।
यता अभिषेकका वकिलले सोमबार न्यायमूर्ति रावसमक्ष मुद्दाको उल्लेख गर्दै तत्काल सुनुवाईको माग गरेका थिए। उनले अदालतलाई अभिषेक चिकित्सा उपचारका लागि छिट्टै विदेश जानुपर्ने र यसैबीच उनको निजी ब्याङ्क खाता फ्रिज गरिएको जानकारी दिएका थिए। वकिलको दलील सुनेपछि न्यायमूर्ति रावले मुद्दा दर्ता गर्न अनुमति दिएका थिए। अदालतले अभिषेकविरुद्ध कुनै अनुसन्धान चलिरहेको छ कि छैन भनेर पनि प्रश्न गरेको थियो। यसमा उनका वकिलले अभिषेक अदालतको निर्देशनअनुसार अनुसन्धानमा सहयोग गरिरहेको र उक्त अनुसन्धानको ब्याङ्क खाता फ्रिज गरिनुसँग कुनै सम्बन्ध नरहेको बताएका थिए। त्यसपछि अदालतले मुद्दासँग सम्बन्धित अन्य पक्षलाई नोटिस जारी गर्न निर्देशन दिएको थियो।

**पश्चिम बंगाल - महुआ मोइत्रा वारंट**

पश्चिम बंगालको नादिया जिल्लाको एक अदालतले तृणमूलकी सांसद महुआ मोइत्राविरुद्ध कथित घृणायुक्त भाषणको सम्बन्धमा उपस्थित हुन नसकेमा गिरफ्तारी वारंट जारी गर्न आदेश दिइएको छ। कृष्णनगर अदालतले वारेन्ट कार्यान्वयनको रिपोर्ट अगस्ट २८ सम्म पेश गर्न पनि निर्देशन दिएको छ।
मोइत्रामाथि महिलाको अपमान गरेको र घृणापूर्ण भाषण दिएको आरोप लागेको छ । अदालतले यसअघि यस विषयमा पूर्व जानकारी लिएर उनलाई समन जारी गरेको थियो । कृष्णनगर अदालतका तेस्रो न्यायिक मजिस्ट्रेटले मोइत्रालाई बारम्बार बोलाए पनि उपस्थित नभएको पाए र तत्काल पक्राउ वारेन्ट जारी गर्न आदेश दिए।

**भाषा मान्यता दिवस**

नेपाली भाषाले भारतीय संविधानको आठौँ अनुसूचीमा मान्यता प्राप्त गरेको ऐतिहासिक तथा सुखद अवसरको स्मरण गर्दै भोलि नेपाली भाषा मान्यता दिवस भारतभर विभिन्न कार्यक्रमसहित मनाइने भएको छ।
भारतका विभिन्न राज्यमा बसोबास गर्ने नेपालीभाषी समुदायले हर्षोल्लासका साथ दिवस पालन गर्नेछन्। यस अवसरमा भाषा आन्दोलनका सङ्घर्षशील योद्धाहरू तथा विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तित्वहरूलाई सम्मान गरिनुका साथै सांस्कृतिक तथा साहित्यिक कार्यक्रमहरू आयोजना गरिनेछ।
दिवसका अवसरमा नेपाली भाषाले संवैधानिक मान्यता प्राप्त गरेपछि हासिल गरेका उपलब्धि, वर्तमान अवस्था तथा आगामी चुनौतीहरूबारे पनि व्यापक चर्चा–परिचर्चा गरिनेछ।

**नेपाली सेल**

भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला समितिले दार्जिलिङ जिल्लाधिकारीको कार्यालय अन्तर्गत रहेको नेपाली सेललाई पुनः सञ्चालन तथा सुदृढीकरण गर्न माग गर्दै दार्जिलिङका सांसद राजु विष्ट तथा पश्चिम बंगाल सरकारका गृह तथा पहाडी मामिला राज्यमन्त्री विशाल लामा समक्ष लिखित अनुरोध गरेको छ। जिल्ला समितिले नेपाली भाषा, साहित्य तथा प्रशासनिक कामकाजसँग सम्बन्धित आवश्यकतालाई ध्यानमा राख्दै नेपाली सेललाई प्रभावकारी रूपमा पुनः सक्रिय गरिनुपर्नेमा जोड दिएको छ। समितिका अनुसार नेपाली भाषाको संरक्षण, प्रवर्द्धन तथा सरकारी स्तरमा यसको प्रभावकारी प्रयोग सुनिश्चित गर्न यस्तो संस्थागत संयन्त्र

महत्वपूर्ण रहेको छ।

**आईएसआई-नेटवर्क**

पाकिस्तानी नागरिक वहाब आलमसँग सम्बन्धित कथित आईएसआई नेटवर्कको अनुसन्धानमा पश्चिम बंगाल स्पेशल टास्क फोर्स (एसटीएफ) ले ठूलो सफलता हासिल गरेको छ। एसटीएफले यस मामिलामा तेस्रो स्थानीय सहयोगी जफर शम्स उर्फ सनीलाई हुगली जिल्लाको रिसड़ा इलाकाबाट पक्राउ गरेको छ। उनी पूर्वी कोलकाताको टोपसिया इलाकाका बासिन्दा भएको बताइएको छ।

जांच एजेन्सीका अनुसार वहाब आलमलाई पक्राउ गरेपछि सन्नी फरार थिए। एसटीएफको सोधपुछ र अनुसन्धानका क्रममा उनको नाम बाहिर आएपछि उनको खोजी भइरहेको थियो। उनी पक्राउपछि एसटीएफले उनीसँग सोधपुछ गरिरहेको र कथित नेटवर्कमा उनको भूमिका र सम्पर्कहरूको बारेमा जानकारी संकलन गरिरहेको छ।

यस मामिलामा सन्नीभन्दा पहिले दुई स्थानीय व्यक्तिहरू मोहम्मद एजाज र इमरान हुसेनलाई पक्राउ गरिएको थियो। इजाजलाई तोपसिया क्षेत्रबाट पक्राउ गरिएको बताइएको छ। जांच एजेन्सीहरूले वहाब आलमलाई भारतमा बस्न र भारतीय पहिचानसँग सम्बन्धित कागजातहरू प्राप्त गर्न मद्दत गरेको आरोप लगाएका छन्।

**सर्वेक्षण**

भारतीय जनता पार्टी जिल्ला समिति सचिव गोपाल बुढाथोकीको नेतृत्वमा रेलिङ–कैजले तथा पुल–बिजनबारी मण्डलअन्तर्गत विभिन्न क्षेत्रलाई पर्यटन केन्द्रका रूपमा विकास तथा सुन्दरीकरण गर्ने उद्देश्यले विभागीय अधिकारीसहित स्थलगत भ्रमण तथा सर्वेक्षण गरिएको छ। भ्रमणका क्रममा रेलिङ–कैजले मण्डलअन्तर्गत लोवर रेलिङ, लामागाउँ–साम्सु, झेपी तथा गर्सिङे सगै पुल–बिजनबारी मण्डलअन्तर्गत कर्मी गुम्बा, पदेङ तथा नेजी गुम्बा क्षेत्रको पनि निरीक्षण गरी पर्यटन विकासका सम्भावना तथा आवश्यक पूर्वाधारबारे प्रारम्भिक सर्वेक्षण गरिएको बताइएको छ।

स्थानीय पर्यटकीय क्षेत्रहरूको विकास, आवश्यक पूर्वाधार निर्माण तथा क्षेत्रको सुन्दरीकरणमार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भ्रमण गरिएको हो।

**'नशा मुक्त–विकसित भारत'**

'नशा मुक्त–विकसित भारत' अभियानअन्तर्गत मयूर स्कूल, सिलीगुड़ीमा ब्रह्मा कुमारीद्वारा विशेष जागरूकता कार्यक्रम आयोजना गरियो। सामाजिक न्याय एवं अधिकारिता मन्त्रालय, भारत सरकारको सहयोगमा सञ्चालित कार्यक्रममा विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा मोबाइल फोनको अत्यधिक प्रयोग, सकारात्मक सोच तथा प्रविधिसँग स्वस्थ र जिम्मेवार सम्बन्धबारे सचेतना गराइएको थियो। अन्त्यमा विद्यार्थी तथा शिक्षकहरूले लागूपदार्थबाट टाढा रहने र स्वस्थ तथा जिम्मेवार समाज निर्माणमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे। विद्यालय प्रशासनले ब्रह्मा कुमारी संस्थाका प्रतिनिधिहरूप्रति आभार व्यक्त गर्दै स्मृति चिन्ह प्रदान गरेको थियो।

**नोमन राई**

दार्जीलिङका विधायक नोमन राईले निर्माणाधीन नेपाली साहित्य अकादमीको नयाँ भवनको हिजो स्थलगत निरीक्षण गर्नुभयो। निरीक्षणका क्रममा उहाँले निर्माण प्रगति, पूर्वाधार तथा आगामी कार्ययोजनाबारे जानकारी लिनुभयो। भ्रमणको क्रममा विधायक राईले भवनलाई नेपाली भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनसँगै साहित्यकार तथा नयाँ पुस्ताका लागि सिर्जनात्मक केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिदै निर्माण कार्य गुणस्तरीय र समयमै सम्पन्न हुने अपेक्षा गर्नुभयो।

**सांसद-बिष्ट-भेटवार्ता**

संयुक्त मञ्च पहाड–तराई क्रिश्चियन कल्याण संगठनको २० सदस्यीय प्रतिनिधिमण्डलले दार्जीलिङका सांसद राजु बिष्टसँग भेटवार्ता गरेको छ। अध्यक्ष रमेश गुरुङको नेतृत्वमा गरिएको भेटमा पहाड तथा तराईका क्रिश्चियन समुदायका समस्या र

आवश्यकताबारे जानकारी गराएका थिए भने प्रतिनिधिमण्डलले अल्पसंख्यक समुदायका सरोकारमा उचित ध्यान दिन आग्रह गरिएको थियो।
यसैबीच सांसद बिष्टले वास्तविक समस्यालाई सम्बोधन गर्ने आश्वासन दिंदै भेदभावरहित विकास र न्याय सबै वर्गसम्म पुग्नुपर्नेमा जोड दिनुभयो।

**मौसम**

मौसम विभागका अनुसार पश्चिम बंगालका अधिकांश जिल्लामा मेघ गर्जन र चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । उत्तर बङ्गालका केही जिल्लाहरूमा भारी वर्षाको चेतावनी दिइएको छ भने दक्षिण बङ्गालका धैरै स्थानहरूमा मेघगर्जन, हावाहुरीसहित वर्षा हुन सक्छ। कोलकाताका अधिकांश स्थानमा मेघगर्जन र चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान शाखाले जनाएको छ ।
उत्तर बङ्गालका आठवटै जिल्लामा आज वर्षाको सम्भावना रहेको छ। दार्जिलिङका केहि स्थानहरुमा मेघगर्जन, सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। जलपाइगुडी र अलिपुरद्वारमा भारी वर्षा हुने सम्भावना छ। विभागले यी दुई जिल्लाका केही स्थानमा मेघगर्जन र हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको चेतावनी दिएको छ । कालिम्पोंगमा पनि मेघ गर्जन र हावाहुरीसहित वर्षाको सम्भावना रहेको छ । कूचबिहारका केही स्थानमा मेघ गर्जन र हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको छ।
यसैबीच विभागले पश्चिम बंगालको तटीय क्षेत्र र आसपासका समुद्री क्षेत्रमा सावधानी अपनाउन सल्लाह दिएको छ ।

**********